आज मिति २०८३ साल जेठ महिना ७ गतेका दिन यस छविसपाथिभेरा गाउँपालिका गाउँकार्यपालिकाको बैठक गाउँपालिकाका अध्यक्ष श्री बसन्त बहादुर चलाउने ज्यूको अध्यक्षतामा बसी तपशिलका पदाधिकारीको उपस्थितिमा देहाय बमोजिमका बिषय उपर छलफल गरि तपशिल बमोजिमका निर्णयहरु पारित गरियो

## उपस्थिति

| हस्ताक्षर | नाम थर | पद | |
|---|---|---|---|
| | श्री बसन्त बहादुर चलाउने | गा.पा. अध्यक्ष | |
| | श्री लछिमन बोहरा | गा.पा. उपाध्यक्ष | |
| | श्री टेक बहादुर रावत | प्रमुख प्रशासकीय अधिकृत | |
| | श्री करनजंङग बहादुर सिह | वडा अध्यक्ष १ | |
| | श्री पविन्द्र बहादुर मण्डेल | वडा अध्यक्ष २ | |
| | श्री श्याम बहादुर सिंह | वडा अध्यक्ष ३ | |
| | श्री अम्मरराज थापा | वडा अध्यक्ष ४ | |
| | श्री झलक बहादुर धामी | वडा अध्यक्ष ५ | |
| | श्री गजेन्द्र कुमार बुढा | वडा अध्यक्ष ६ | |
| | श्री विजय धामी | वडा अध्यक्ष ७ | |
| | श्री अरुण वि.क. | कार्यपालिका सदस्य | |
| | श्री आशा कुमारी थापा कठायत | कार्यपालिका सदस्य | |
| | श्री मिन्जु कुमारी कडायत | कार्यपालिका सदस्य | |
| | श्री सरस्वती सिंह रेग्मी | कार्यपालिका सदस्य | |
| | श्री विमला देवी वि.क. | कार्यपालिका सदस्य | |
| | श्री अन्जना बोहरा | कार्यपालिका सदस्य | |
| | श्री सिद्धराज भण्डारी | योजना अधिकृत | |
| | श्री सत्यराज थापा | सूचना प्रविधि अधिकृत | |
| | श्री उमेशराज जोशी | का स | |
| | | | |

अनुसूची -१

(कार्यविधिको दफा ७ को उपदफा १ संग सम्बन्धित)

छविसपाथिभेरा गाउँपालिका

गाउँकार्यपालिका

कार्यसूची र समय तालिका

बैठक संख्याः ७ ( आ.व. २०८२।०८३)

बैठक स्थानः छविसपाथिभेरा गाउँपालिका

अध्यक्षताः श्री बसन्त बहादुर चलाउने

| मिति | बैठकबस्ने समय | कार्यसूची | कार्यसुची प्रस्तुतकर्ता |
|---|---|---|---|
| २०८३।०२।०७ | दिउँसो १:०० बजे | १. उपभोक्ता समिति गठन, परिचालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि २०८३।<br>२. दश सैया अस्पतालको अपुग रकम माग सम्बन्धमा।<br>३. आर्थिक सहयोग सम्बन्धमा।<br>४. गणकहरुको लागि थप रकम सम्बन्धमा।<br>५. ट्रस भवन निर्माण सम्बन्धमा।<br>६. गाउँपालिकाका सवारी साधनहरुको भाडा दर निर्धारण सम्बन्धमा।<br>७. गाउँपालिकाको प्रशासकीय भवन, १० सैया अस्पताल र वडा कार्यालय भवन निर्माणकालागि जग्गा उपयोग गर्न सहमति सिफारिस सम्बन्धमा।<br>८. LACC परियोजना सम्बन्धमा।<br>९. योजना फरफारक सम्बन्धमा।<br>१०.सडक बोर्डको रकम सम्बन्धमा।<br>११. लेकगाउँ स्वास्थ्य चौकी भवन माग सम्बन्धमा।<br>१२. मजखोरी मा वि को ४ कोठे भवन माग सम्बन्धमा।<br>१३. खाद्य व्यवस्थापकको तलब भत्ता सम्बन्धमा। | अध्यक्ष |

**निर्णयहरु**

**प्रस्ताव न १** माथि छलफल गर्दा यस छविसपाथिभेरा गाउँपालिका विधेयक समितिले **उपभोक्ता समिति गठन, परिचालन तथा ब्यवस्थापन सम्बन्धी कार्यविधि २०८३** को मस्यौदा तयार गरि अनुमोदनकालागि गाउँकार्यपालिकामा पेश गरेकोले उक्त कार्यविधि माथि ब्यापक छलफल गरि **छविसपाथिभेरा गाउँपालिका उपभोक्ता समिति गठन, परिचालन तथा ब्यवस्थापन सम्बन्धी कार्यविधि २०८३** लाई स्विकृत गर्ने सर्वसम्मत पारित गरियो ।

**प्रस्ताव न २** माथि छलफल गर्दा यस गाउँपालिकामा रहेको १०(दस) सैया अस्पताल भवन निर्माण कार्य अन्तिम चरणमा पुगेकोले नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, छविसपाथिभेरा गाउँपालिका र निर्माण ब्यवसायी बिच भएको सम्झौता बमोजिम यस गाउँपालिकाले ब्यहोर्नु पर्ने रकम भुक्तानी गर्न सामर्थ्य नभएकोले साथै गाउँपालिकाको आन्तरिक स्रोत न्युन भएकोले निर्माण ब्यवसायीलाई तिर्नु पर्ने रु २४०००००० अक्षेररुपि दुई करोड चालिस लाख रकम अपुग भएकोले सो अपुग रकम हाल पूनगठित स्वास्थ्य तथा खाध्य स्वच्छता मन्त्रालय र सामाजिक विकास मन्त्रालय सुदूरपश्चिम प्रदेश लगायत सम्बन्धित निकायमा माग गर्ने भन्ने निर्णय सर्वसम्मत पारित गरियो ।

**प्रस्ताव न ३** माथि छलफल गर्दा यस छविसपाथिभेरा गाउँपालिका वडा न ५ अन्तर्गत खतेडा टोलमा बस्ने श्री दिनेश पण्डितको घरमा मितिः२०८२। ११। १ गते आकस्मिक रुपमा आगलागी भई घरमा भएका सबै अन्नपात,लुगाकपडा, भाडाकुडा र जिन्सी मालसामान सहित घर पूर्णरुपमा जलेर नष्ट भएकोले निज दिनेश पण्डितलाई आर्थिक सहयोग स्वरुप रु १,००,०००(एकलाख) आर्थिक सहयोग गर्ने भन्ने निर्णय सर्वसम्मत पारित गरियो ।

**प्रस्ताव न ४** माथि छलफल गर्दा गरिब परिवार पहिचान तथा परिचयपत्र वितरण निर्देशिका २०७५ बमोजिम यस गाउँपालिकामा बसोबास गर्ने सबै घरधुरीहरुको विवरण अध्यावधिक गर्नु पर्ने भएकोले यहि मितिः२०८३ असार मसान्त भित्र कार्य सम्पन्न गर्ने थप २(दुई) जना गणकहरुको आवश्यकता भएकोले अपुग रकम लमसम रु २००००। बिस हजार गाउँपालिकाले ब्यहोर्ने र उक्त रकम कन्टीजेन्सी शिर्षकबाट भुक्तानी दिने भन्ने निर्णय सर्व सम्मत पारित गरियो ।

**प्रस्ताव न ५** माथि छलफल गर्दा यस गाउपालिकाले खरिद गरेको ईन्धन सुरक्षित भरपर्दो तरीकाले भण्डार गर्न अति आवश्यक भएकोले प्राविधिक स्टिमेट अनुसार ट्रस भवन निर्माण गर्ने र उक्त रकम कन्टीजेन्सी शिर्षकबाट भुक्तानी दिने भन्ने निर्णय सर्वसम्मत निर्णय पारित गरियो ।

**प्रस्ताव न ६** माथि छलफल गर्दा यस गाउँपालिकाको स्वामित्वमा रहेका जे सि विको भाडा दरमा अहिले विश्व बजारमा देखा परेको पेट्रोलियम पदार्थको अभावको साथै मुल्यबृद्धिका कारण जे सि वि को भाडा दरमा समायोजन गर्न अति आवश्यक भएकोले तपशिल बमोजिमका साधनहरुको भाडा दर निम्म बमोजिम भाडा दर तोक्ने भन्ने निर्णय सर्व सम्मत पारित गरियो ।

**तपशित**

**यदि सेवाग्राहीले जे सि वि मा तेल आफ्फैले प्रयोग गरेमा प्रतिघण्टा रु २२००। (दुई हजार दुई सय)**

**यदि जे सि वि मा गाउँपालिकाले तेल प्रयोग गरेमा प्रतिघण्टा रु ४००० (चार हजार)**

**प्रस्ताव न ७** माथि छलफल गर्दा यस छविसपाथिभेरा गाउँपालिका वडा न ५ अन्तर्गत पर्ने नेपाल सरकारको नाममा दर्ता कायम कि.न. २२७ को बिच भागमा पर्ने सरकारी जग्गामा गाउँपालिका प्रशासकीय भवन निर्माणका लागि ३० रोपनी (१५२६२ व मी.) निर्माणधिन १० सैया अस्पताल भवन निर्माणकालागि २० रोपनी (१०१७५ व मी.) वडा न ५ को वडा कार्यालय भवनकालागि ५ रोपनी (२५४३ व मी.) जग्गा अति आवश्यक भएकोले सरकारी जग्गा दर्ता, उपयोग तथा लिजमा उपलब्ध गराउने सम्बन्धी कार्यनीति २०७९ को दफा ४ को (१) मा ब्यवस्था भए बमोजिम गाउँपालिका प्रशासकीय भवन, १० सैया अस्पताल र वडा न ५ को वडा कार्यालयको नाममा उपयोग गर्ने गरि सिफारिस सहित निर्णय गरि दिन हुन श्री भूमि ब्यबस्था, सहकारी,संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयलाई अनुरोध गर्ने निर्णय सर्वसम्मत पारित गरियो ।

**प्रस्ताव न ८** माथि छलफल गर्दा यस छविसपाथिभेरा गाउँपालिका, जलवायु परिवर्तन स्थानीय अनुकूलन परियोजनाबाट गाउँपालिका स्तरीय परियोजना कार्यान्वयन एकाईका लागि आवश्यक पदहरुमा करारमा पदपुर्तिका लागि मितिः२०८२।१२।०१ गते सुचना प्रकाशन गरिएको र मिति २०८२।१२।२७ गते संक्षिप्त सूचीको सूचना प्रकाशित गरिए पश्चातको लिखित तथा अन्तरवार्ताको प्रक्रिया अगाडी नबढेको साथै सो सम्बन्धी सबै कागजातहरु जिल्ला प्रशासन कार्यालय बझाङ चैनपुरबाट पेश गर्ने भनिएकोले सो सम्बन्धी सम्पूर्ण कागजातहरु जिल्ला प्रशासन कार्यालय बझाङमा पेश गरिएको छ ।उक्त कागजातहरु जिल्ला प्रशासन कार्यालयबाट फिर्ता भएपछि संक्षिप्त सूचीमा परेका उम्मेदवारहरुको लिखित तथा अन्तवार्ता स्थानीय तह परियोजना कार्यान्वयन एकाई, कर्मचारी छनौट तथा परिचालन कार्यविधि २०८२ बमोजिम अगाडी बढाउने तथा चालु आ.व.२०८२।०८३ मा जलवायु परिवर्तन स्थानीय अनुकूलन परियोजनाबाट बार्षिक कार्यक्रममा रहेका योजना तथा क्रियाकलापहरु संञ्चालन गर्नका लागि भूमि व्यवस्था, सहकारी,संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय सिहदरबार काठमाडौ, जलवायु परिवर्तन स्थानीय अनुकूलन परियोजना, परियोजना सहयोग एकाई सुर्खेत तथा जलवायु परिवर्तन स्थानीय अनुकूलन परियोजना, प्रविधिक सहयोग एकाई बझाङ क्लष्टरलाई अनुरोध गर्ने निर्णय सर्वसम्मत पारित गरियो ।

**प्रस्ताव न ९** माथि छलफल गर्दा यस गाउँपालिकाले आ व २०८२/२०८३ मा स्विकृत आयोजना तथा कार्यक्रमहरु कार्यान्वयन गरि ८१ वटा योजनाको कार्य सम्पन्न पश्चात आयोजनाको स्विकृत रकम भुक्तानी दिएकोले उक्त योजनाहरु फरफारक गर्ने निर्णय सर्व सम्मत पारित गरियो । साथै फरफारक गरेका योजनाहरुको विवरण तपशिल बमोजिम रहेको छ ।

**प्रस्ताव न १०** माथि छलफल गर्दा सडक बोर्डबाट स्विकृत रकम यस गाउँपालिका वडा न ४ अन्तर्गत गमलागाउँ कचाडा सडकमा कार्यान्वयन गर्ने भन्ने निर्णय पारित गरियो ।

**प्रस्ताव न ११** माथि छलफल गर्दा यस छविसपाथिभेरा गाउँपालिका वडा न ६ मा अवस्थित लेकगाउँ स्वास्थ्य चौकीको भवन पुरानो, मापदण्ड बमोजिम नभएको , सेवा क्षेत्र धेरै भएको तर भवन जिर्ण भएकोले दैनिक सेवा प्रवाहमा साह्रै समस्या भएकोले स्वास्थ्य चौकीको नाममा आवश्यक पर्ने जग्गा भएकोले नयाँ स्वास्थ्य चौकी भवन निर्माणका लागि सम्बन्धित निकायमा माग गर्ने भन्ने निर्णय पारित गरियो ।

**प्रस्ताव न १२** माथि छलफल गर्दा यस छविसपाथिभेरा गाउँपालिका वडा न ७ मा रहेको मजखोरी मा वि मजखोरीको भवन जिर्णको साथै विधार्थीको अनुपातमा कक्षाकोठाको अभाव भई दैनिकरुपमा पठनपाठन गर्न समस्या भएकोले उक्त मजखोरी मा वि मजखोरीलाई ४ कोठे भवन निर्माणकालागि सम्बन्धि निकायलाई अनुरोध गर्ने निर्णय पारित गरियो ।

**प्रस्ताव न १३** माथि छलफल गर्दा यस छविसपाथिभेरा गाउँपालिकामा विश्व खाद्य कार्यक्रम अन्तर्गत खाद्य ब्यवस्थापक पदमा रहि विगत बर्ष देखि कामकाज गर्दै आएका श्री रमेश बहादुर सिंहको सेवा अवधि पौष १५ गते समाप्त भएकोले विधालयमा पोषण खाद्य वितरण गर्न,तथ्याङ अभिलेख राख्न र प्रगति प्रतिवेदन तयार गर्न एक जना कर्मचारीको आवश्यकता परेकोले निज कर्मचारी अनुभवी दक्ष भएकोले अर्को ब्यवस्था नहुन्जेलसम्म खाद्य ब्यवस्थापक पदमा करार सम्झौता गर्ने भन्ने निर्णय पारित गरियो ।